सुदूरपश्चिम विश्वविद्यालय
केन्द्रीय कार्यालय, महेन्द्रनगर, कञ्चनपुर
प्रकाशित मितिः २०८३।०५।०१

## छात्रवृत्ति परीक्षा मिति तथा आवेदन फाराम भर्ने म्याद सम्बन्धी सूचना

सुदूरपश्चिम विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पसहरूमा सञ्चालन भइरहेका B.SC. CSIT र BBA शैक्षिक कार्यक्रमहरूको स्वीकृत सिट सङ्ख्याको **१० प्रतिशत छात्रवृत्ति सिट**का लागि यस विश्वविद्यालयद्वारा मिति **२०८३।०५।०३ गते** सञ्चालन गर्ने गरी निर्धारण गरिएको छात्रवृत्ति परीक्षाका लागि तोकिएको कोटाको तुलनामा **अत्यन्त न्यून सङ्ख्यामा विद्यार्थीहरूले आवेदन फाराम भरेको** हुँदा उक्त मितिमा सञ्चालन हुने भनिएको छात्रवृत्ति परीक्षा देहाय बमोजिमको मितिमा सारिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. छात्रवृत्ति परीक्षा सञ्चालन हुने मिति र समयः**

मिति **२०८३।०५।१४ गते** **समयः बिहान ११:०० बजे देखि**

**२. छात्रवृत्ति परीक्षाका लागि आवेदन फाराम भर्ने अन्तिम मितिः २०८३।०५।१३ गतेसम्म**

आवेदन फाराम भर्न बाँकी रहेका योग्य विद्यार्थीहरूले तोकिएको म्यादभित्र https://www.fwu.edu.np/scholarship/ **मा गई अलाईनको माध्यमबाट** आवेदन फाराम भरी छात्रवृत्ति परीक्षामा सहभागी हुन सम्बन्धित सबैमा सूचित गरिन्छ।

**छात्रवृत्ति परीक्षा सम्बन्धी अन्य व्यवस्था तथा परीक्षा केन्द्रसम्बन्धी विवरण यस विश्वविद्यालयबाट पूर्व प्रकाशित सूचनाबमोजिम नै हुनेछ।**

**सुदूरपश्चिम विश्वविद्यालय**
**छात्रवृत्ति व्यवस्थापन तथा छनोट समिति**

# सुदूरपश्चिम विश्वविद्यालय

केन्द्रीय कार्यालय, महेन्द्रनगर, कञ्चनपुर

# सम्बन्धन प्राप्त क्याम्पसको छात्रवृत्तिको परीक्षा केन्द्र थप गरिएको बारे सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८३/४/२९**

यस सुदूरपश्चिम विश्वविद्यालयको मिति २०८३/०४/२६ गते प्रकाशित सूचना बमोजिम सुदूरपश्चिम विश्वविद्यालयको विज्ञान तथा प्रविधि संकायअन्तर्गत **B.Sc. CSIT** तथा व्यवस्थापन संकाय अन्तर्गत **BBA** शैक्षिक कार्यक्रममा सम्बन्धन प्राप्त गरी सञ्चालनमा रहेका क्याम्पसहरूको स्वीकृत सिट संख्या (कोटा) को **१० (दश) प्रतिशतले हुन आउने छात्रवृत्ति सिटमा** अध्ययन गर्न इच्छुक विद्यार्थीहरूका लागि विभिन्न ८ (आठ) वटा सम्बन्धन प्राप्त क्याम्पसहरूमा छात्रवृत्तिको लागि परीक्षा केन्द्र निर्धारण गरिएकोमा विद्यार्थीहरूको सहजतालाई मध्यनजर गर्दै **सुदूरपश्चिम विश्वविद्यालयको केन्द्रीय क्याम्पसमा समेत थप परीक्षा केन्द्र निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**सम्बन्धित शैक्षिक कार्यक्रमको लागि चाहिने योग्यता पुगेका सम्पूर्ण विद्यार्थीहरू तोकिएको छात्रवृत्ति सिटका लागि आवेदन दिन सक्नेछन्।** आवेदन गर्ने क्रममा विद्यार्थीले आफूले अध्ययन गर्न इच्छाएको **सम्बन्धन प्राप्त क्याम्पस र शैक्षिक कार्यक्रम छनोट गर्नुका साथै आफूलाई पायक पर्ने परीक्षा केन्द्रका रूपमा सम्बन्धित सम्बन्धन प्राप्त क्याम्पस वा सुदूरपश्चिम विश्वविद्यालयको केन्द्रीय क्याम्पस छनोट गर्न सक्नेछन्।**